# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

**मुख्य शाखा कार्यालय**

**राजापुर, बर्दिया**

**सुचना पकाशित मिति २०८३।०६।१६ गते**

**कनिका, ब्रान र भुस बिक्री सम्वन्धि सिलबन्दि दरभाउ पत्र आव्हानको सुचना।**

चालु आ.ब. ०८२।०८३ को माघ सम्म खरिद भएको धान ३०००७।८६ क्वी.बाट उत्पादन हुने अनुमानित करिब कनिका ३२००.०० क्वी.,ब्रान ३३००.०० क्वी. र भुस करिब ५० ट्रक देहायका शर्तहरुको अधिनमा रही बिक्री गर्नु पर्ने भएकाले खरिद गर्न चाहने सुचिकृत इच्छुक फर्म वा कम्पनिहरुले शिलबन्दी दरभाउ पत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु :-**

१. दरभाउ पत्र मिति २०८३।०६।१६ गते देखि मिति २०८३।०६।२२ गते सम्म कार्यालय समय भित्र प्रति थान दरभाउ पत्र रु.१०००।-(एक हजार) ( फिर्ता नहुने गरि ) तिरि यस कार्यालयबाट खरिद गर्न सकिने छ।

२. दरभाउ पत्र फारम मिति २०८३।०६।२३ गते दिनको १२:०० बजे सम्म कम्पनीको राजापुर कार्यालयमा दर्ता गराउनु पर्ने छ। दर्ता हुन आएका दरभाउ पत्रहरु ईलाका स्तरिय कार्यालयहरु र दरभाउ पत्र दाता वा निजको प्रतिनिधीको रोहबरमा सोही दिनको २:०० बजे खोलिने छ तर दरभाउ पत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउ पत्र खोल्ने कार्य रोकिने छैन।

३. दरभाउ पत्रदाताले के कति दरमा उप-पदार्थहरु खरिद गर्ने हो अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा कबोल दर फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ।

४. दरभाउ पत्र साथ फर्म रजिष्ट्रेसनको प्रमाण पत्र,स्थायी लेखा नम्बर / मूल्य अभिबृद्धि कर नम्वर , कर चुक्ता प्रमाण पत्र आदि कागजको प्रमाणित छाया प्रति पेश गर्नु पर्नेछ।

५. प्रत्येक उप-पदार्थको छुट्टा छुट्टै दरभाउपत्र पेश गर्नु पर्नेछ र दरभाउपत्र साथ आफुले कवोल गरेको रकमले सूचनामा उल्लेख गरेको परिमाणको हुने रकमको ३% ले हुने रकम धरौटी बापत कम्पनीको माछापुच्छे बैक लिमिटेडको चल्ती खाता ०१४००१६२७८२०००१७ मा तथा माछापुच्छे बैक लिमिटेडको शाखा उपलब्ध नभएको स्थानमा नेपाल बैक लिमिटेडको खाता ००२००१००५०२४२४००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा दरभाउ पत्र पेश गरेको मितिले कम्तीमा ६ (छ) महिना अवधि भएको बैक जमानी ( विड वोण्ड )पेश गर्नु पर्नेछ।

६. दरभाउ पत्र दाताले आफुले खरिद गर्न चाहेको उप-पदार्थको दर प्रति क्वीण्टल/ प्रति ट्रक स्पष्टसंग उल्लेख गर्नु पर्ने छ।

७. न्यूनतम लागत मूल्य भन्दा माथि सबै भन्दा बढि अंक कबोल गर्ने फर्म वा कम्पनीको दर लाई स्वीकृत गरिने छ र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीको प्रधान कार्यालयलाई हुनेछ।

८. रित नपुगेको र म्याद नाघी आएको दरभाउ पत्रलाई मान्यता दिईने छैन।

९. दरभाउ पत्र दर्ता गराउने र खोल्ने दिनमा बिदा परेमा सोको भोली पल्ट सम्म बुझाउने र खोलिने म्याद कायम रहनेछ।

१०. खरिद कर्ताले खरिद गर्ने उप-पदार्थहरु हेर्न र अन्य केही बुझ्न चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

११. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिनभित्र ५ प्रतिशत धरौटी पेश गरी सम्झौता गर्नु पर्नेछ र उप-पदार्थ खरिद गर्दा लाग्ने मुल्य बराबरको रकम कार्यालयमा अग्रिम दाखिला गरि रित पूर्वक कम्पनीको गोदाममा तौलाई चौकाई गरि राखेको उप-पदार्थ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा उठाउनु पर्नेछ।

१२. उप-पदार्थ खरिद गर्दा लाग्ने पल्लेदारी खर्च / अन्यखर्च / कर आदि सबै खरिद कर्ता स्वयंले तिर्नु पर्नेछ।

१३. उपरोक्त उप-पदार्थहरुको न्युनतम लागत मूल्य तपशिल बमोजिम रहेको छ।

कनिका प्रति क्वी. रु. ३८१०।- (अक्षेरुपी तिनहजार आठ सय दस मात्र )

ब्रान प्रति क्वी. रु. ३६२५।- ( अक्षेरुपी तिनहजार छ सय पच्चीस मात्र )

भुस प्रति ट्रक रु.५५,०००।- (अक्षेरुपी पचपन्न हजार मात्र )

**थप जानकारीको लागी कम्पनीको website-www.fmtc.org.np तथा मुख्य शाखा कार्यालय राजापुर बर्दियाको फोन नम्वर ०८४-४६०१६५ मा कार्यालय समयमा बुझ्न सकिने छ।**

CamScanner